**बैठक संख्या : २**

आजमिति २०७९ साल जेष्ठ २७ गते शुक्रबारका दिन बराहक्षेत्र नगरपालिका,नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री रमेश कार्कीज्यूको अध्यक्षतामा निम्न बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक नगर सभाहलमा बिहान ८:०० बजे बसी निम्न अनुसारका निर्णयहरु गरियो ।

**उपस्थिति**

| | | |
|---|---|---|
| १. नगर प्रमुख - | श्री रमेश कार्की | अध्यक्ष |
| २. उप-प्रमुख - | श्री नन्दकुमारी सुनुवार | सदस्य |
| ३. वडा अध्यक्ष, वडा नं. १ - | श्री किसन थापा | सदस्य |
| ४. वडा अध्यक्ष, वडा नं. २ - | श्री होम प्रसाद गौतम | सदस्य |
| ५. वडा अध्यक्ष, वडा नं. ३ - | श्री राजदिप लामा तामाङ्ग | सदस्य |
| ६. वडा अध्यक्ष, वडा नं. ४ - | श्री आशाराम चौधरी | सदस्य |
| ७. वडा अध्यक्ष, वडा नं. ५ - | श्री रोहित काफ्ले | सदस्य |
| ८ वडा अध्यक्ष, वडा नं. ६ .- | श्री उद्धव प्रसाद पोखरेल | सदस्य |
| ९.वडा अध्यक्ष, वडा नं. ७ - | श्री कपिल आचार्य | सदस्य |
| १०.वडा अध्यक्ष, वडा नं. ८ - | श्री रोशन खड्का | सदस्य |
| ११. वडा अध्यक्ष, वडा नं. ९ - | श्री निरन्जन मण्डल चन्द्रवंशी | सदस्य |
| १२. वडा अध्यक्ष, वडा नं. १०- | श्री तेज बहादुर गुरुङ्ग | सदस्य |
| १३. वडा अध्यक्ष, वडा नं. ११ - | श्री कृष्ण कुमार महतो | सदस्य |
| १४.प्रमुख प्रशासकीय अधिकृत- | श्री खगेन्द्र गिरी | सदस्य-सचिव |

**प्रस्तावहरु :**

१) बिषयगत समिति/उपसमिति गठन सम्बन्धमा।

२) योजना तर्जुमा सम्बन्धमा ।

३) नगरसभा सञ्चालन सम्बन्धमा ।

४) विविध सम्बन्धमा ।

**छलफल र निर्णयहरु :**

१) प्रस्ताव नं. १ उपर छलफल हुदाँ बराहक्षेत्र नगरपालिका नगर कार्यपालिका अन्तर्गतका देहाय बमोजिमका बिषयगत समितिहरु आगामी नगर सभाबाट पूर्णता एवं हेरफेर हुने गरि गठन गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

**क) राजश्व परामर्श समिति**

| | |
|---|---|
| १) उप प्रमुख श्री नन्द कुमारी सुनुवार | संयोजक |
| २) प्रमुख प्रशासकीय अधिकृत श्री खगेन्द्र गिरी | सदस्य |
| ३) वडा अध्यक्ष श्री रोहित काफ्ले | सदस्य |
| ४) उद्योग बाणिज्य संघका अध्यक्ष श्री सुरेन्द्र गुप्ता | सदस्य |
| ५) राजश्व शाखा शाखा प्रमुख श्री संगिता चौधरी | सदस्य |

**ख) योजना अनुगमन समिति**

| | |
|---|---|
| १) उप प्रमुख श्री नन्द कुमारी सुनुवार | संयोजक |
| २) प्रमुख प्रशासकीय अधिकृत वा तोकेको अधिकृत | सदस्य |
| ३) वडा अध्यक्ष श्री रोशन खड्का | सदस्य |
| ४) वडा अध्यक्ष श्री होम प्रसाद गौतम | सदस्य |

**ग) बजार अनुगमन समिति**

| | |
|---|---|
| १) उप प्रमुख श्री नन्द कुमारी सुनुवार | संयोजक |
| २) इलाका प्रहरी कार्यालय प्रमुख वा प्रतिनिधी | सदस्य |
| ३) जिल्ला प्रशासन कार्यालयको प्रतिनिधी | सदस्य |
| ४) उद्योग बाणिज्य संघको अध्यक्ष वा प्रतिनिधी | सदस्य |
| ५) सम्बन्धित वडाको वडा अध्यक्ष | आमन्त्रित सदस्य |
| ६) आर्थिक विकास शाखा प्रमुख | सदस्य-सचिब |

**घ) बिपद् व्यवस्थापन समिति**

| | |
|---|---|
| १) नगर प्रमुख | संयोजक |
| २) नगर उप-प्रमुख | सदस्य |
| ३) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ४) अधिकृत वा तोकिएको अधिकृत | सदस्य |
| ५) सामाजिक विकास शाखा | सदस्य |

६) पूर्वाधार विकास शाखा सदस्य

७) इलाका प्रहरी कार्यालय सदस्य

८) नेपाल रेडक्रस सोसाइटी सदस्य

९) उद्योग बाणिज्य संघ सदस्य

१०) वडा अध्यक्ष श्री तेज बहादुर गुरुङ्ग सदस्य

११) वडा अध्यक्ष श्री आशारामा चौधरी सदस्य

१२) वडा अध्यक्ष श्री उद्धब प्रसाद पोखरेल सदस्य

१३) फोकल पर्सन सदस्य

२) प्रस्ताव नं २ उपर छलफल हुँदा बराहक्षेत्र नगरपालिकाको दशौं नगर सभाका लागि पूर्व योजना तर्जुमा गर्ने निम्न अनुसारको योजना तर्जुमा सम्बन्धि कार्य सूचि पारित गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

बजेट तथा योजना तर्जुमा कार्यतालिकाः

| क्र.सं | कार्यक्रमको बिबरण | समय अवधि | कार्यक्रम संचालन हुने स्थान |
|---|---|---|---|
| १ | संघ, प्रदेशबाट प्राप्त हुने बित्तिय हस्तान्तरण र मार्गदर्शन बजेट सिमा | प्राप्त भईसकेको | नगरपालिका कार्यालय |
| २ | श्रोत अनुमान र कुल बजेट सिमा निर्धारण | मिति २०७९/२/१९ | नगरपालिका कार्यालय |
| ३ | बस्तिटोल स्तरमा योजना छनौट | मिति २०७९/२/१९ देखि २०७९/०२/२५ | वडाका टोल बस्तिहरुमा |
| ४ | वडामा योजना प्राथमिकिकरण | मिति २०७९/२/२६ देखि २०७९/२/२७ | वडा कार्यालयहरुमा |
| ५ | एकिकृत बजेट तथा कार्यक्रम तर्जुमा | मिति २०७९/२/२९ देखि २०७९/२/३१ | नगरपालिका कार्यालय |
| ६ | नगरपालिका कार्यालयमा बजेट तथा कार्यक्रमका बारेमा छलफल र स्वीकृती | मिति २०७९/३/२ देखि २०७९/०३/०४ | नगरपालिका कार्यालय |
| ७ | नगरपालिकामा बजेट नीति तथा कार्यक्रम पेश | मिति २०७९/०३/७ | नगरपालिका कार्यालय |

योजना तर्जुमाका आधारहरुः-

क) वडाले योजना पठाउदा बिषयगत क्षेत्र छुट्याई बेग्ला बेग्लै सूचि बनाई पठाउनु पर्नेछ ।

- पूर्वाधार विकास
- आर्थिक विकास

- सामाजिक विकास
- बन, बाताबरण तथा बिपद्
- सुशासन तथा संस्थागत क्षमता विकास

ख) वडाले बस्तीतहबाट योजना छनौट गर्ने प्रक्रियाः-

- वडाले आफ्नो वडालाई बिभिन्न क्लस्टर टोल बस्तीमा बिभाजन गरी वडा सदस्यलाई सहजिकरणको जिम्मेबारी प्रदान गर्ने ।
- वडाले चालु खर्च शिर्षकमा कोभिड-१९ नियन्त्रण सम्बन्धि क्रियाकलाप तथा स्वास्थ्य सुरक्षा सामाग्री सम्बन्धी शिर्षक समावेश गर्ने ।
- टोल बस्तीमा योजना तर्जुमाको बैठक हुने मिति, समय कम्तिमा ३ दिन अगावै सार्वजनिक सूचना मार्फत जानकारी गराउने ।
- बस्तीमा योजना छनौट गर्दा बस्ती भित्रका सबै बर्ग समुदाय, महिला, आदिबासी, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति आदिको प्रतिनिधित्व हुने सुनिश्चितता गर्ने ।
- योजना तर्जुमा प्रक्रियामा टोल बस्ती भित्रका क्रियाशिल आमा समुह, बाल क्लब युवा क्लब, सहकारी समुह लगायतलाई सहभागी गराउने ।
- वडाका तर्फबाट ५ लाख भन्दा कमको भौतिक पूर्वाधार तर्फको योजना सिफारिस नगर्ने ।

ग) योजना प्राथमिकताका आधारहरुः-

- आर्थिक विकासमा प्रत्यक्ष योगदान पुर्याउन सक्ने ।
- उत्पादनमुलक तथा छिटो प्रतिफल दिन सक्ने ।
- जनताको जीवन, आम्दानी र रोजगार बढ्ने ।
- स्थानीय जनसहभागिता जुट्ने तथा लागत कम लाग्ने ।
- स्थानीय श्रोत साधनको अधिकतम प्रयोग हुने ।
- महिला बालबालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ मिल्ने ।
- लैङ्गिक समानता र सामाजिक समावेशिकरण अभिबृद्धि गर्ने ।
- दिगो विकास, वाताबरणीय संरक्षण र सम्बर्द्धन गर्न सघाउ पुग्ने ।
- भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना गर्ने ।
- सामाजिक सद्भाव तथा एकता अधिबृद्धिमा सघाउ पुर्याउने ।

- वडा तहले आवश्यक देखेका अन्य अिबषयहरु ।

३) प्रस्ताव नं ३ उपर छलफल हुदाँ बराहक्षेत्र नगरपालिकाको दशौ नगर सभा मिति २०७९/०३/०७ गते सञ्चालन गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

४) प्रस्ताव नं ४ विविध उपर छलफल हुदाँ आ.व. २०७९/८० मा सञ्चालन गर्ने गरी देहायका योजना तथा कार्यक्रमहरु प्रदेश सरकार, प्रदेश नं १ बिराटनगर सँग माग गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

क) बराहक्षेत्र नगरपालिका वडा नं ६ ठाकुरबारी देखि वडा नं ६ श्रीलंका टप्पु जोड्ने सप्तकोशी नदीमा झोलुङ्गे पुल निर्माण ।

ख) बराहक्षेत्र न.पा वडा नं १ मिलन चौक- सुर्य कुण्ड सडक स्तरोन्नती गर्ने कार्य ।

ग) बराहक्षेत्र नगरपालिका, नगर कार्यपालिकाको कार्यालय परिसरमा सभाहल निर्माण ।